केदारस्यूँ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः २ मितिः २०७५।०४।०१

**भाग-१**

## केदारस्यूँ गाउँपालिका

केदारस्युँ गाउँपालिकाको दोस्रो गाउँसभाबाट मिति २०७५/३/२८ मा स्वीकृत भएको केदारस्युँ गाउँपालिकाको विनियोजन ऐन, २०७५, स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम सार्वजनिक जानकारीका लागि देहाय बामोजिम प्रकाशन गरिएको छ ।

## केदारस्युँ गाउँपालिकाको विनियोजन ऐन, २०७५

**गाउँसभाबाट पारित मिति : २०७५।०३।२८**

प्रस्तावनाः केदारस्युँ गाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम केदारस्युँ गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "केदारस्युँ गाउँपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक बर्ष २०७५/०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७५/०७६ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च, वित्तीय व्यवस्था र आगामी वर्षको राजश्व अनुमान रु.२० लाख र गत वर्षको अ.ल्या ५० लाख अनुमान समेत गरी जम्मा रकम रु. ३८,३६,३७,०००।- (अक्षरुपी अरतीस करोड छतीस लाख सैतीस हजार रुपैयाँ मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त केदारस्युँ गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चितकोषबाट विनियोजन हुने रकम

रू.हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | गाउँकार्यपालिका | ७,१७,८० | ३,७८,५७ | | १०,९६,३७ |
| २ | | वडा समिति | | ९,००,०० | | ९,००,०० |
| ३ | | विषयगत शाखा | १७,७०,०० | | | १७,७०,०० |
| ४ | | आन्तरिक स्रोत | आन्तरिक श्रोत तर्फ चालु खर्च | आन्तरिक श्रोत तर्फ पूँजीगत खर्च | | २०,०० |
| ५ | | आ.व. ०७४।७५ को अ.ल्या.अनुमान | | अ.ल्याबाट प्राप्त हुने पूँजीगत खर्च अनुमान | | ५०,०० |
| ४ | | ऋणको सावाँव्याज भुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | ० | | | ० |

आज्ञाले,
प्रबीण श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत